# शिखर इन्स्योरेन्स कम्पनी लि.

चौधौं

वार्षिक साधारण सभा

को

निर्णय

शिखर विज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।

फोन नं. ४२४६१०१, फ्याक्स नं. ९७७-१-४२४६१०३

पोष्ट वक्स नं. १०६९२,

विषय : चौधौं वार्षिक साधारण सभाको निर्णय

आदरणीय शेयरधनी महानुभावहरु,

२०७६ श्रावण २८ गतेका दिन कम्पनीको केन्द्रिय कार्यालय, शिखर विज सेन्टर, थापाथलीमा वसेको यस कम्पनीको चौधौं वार्षिक साधारण सभाबाट पारित निर्णय यहाँको जानकारीको लागि पठाएको छु।

आज्ञाले,

कम्पनी सचिव

# शिखर इन्स्योरेन्स कम्पनी लि.

## चौधौं वार्षिक साधारण सभाको

## निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको चौधौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रिय कार्यालय भवन, शिखर विज सेन्टर, थापाथलीमा मिति २०७६ श्रावण २८ गते मंगलवार विहान ११:०० वजे प्रारम्भ भई दिउँसो २:१५ वजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७६ श्रावण २८ गते अगावै संचालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७६ श्रावण ८ गते र २०७६ श्रावण ९ गते नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | अध्यक्ष |
| २. वुद्ध एयर प्रा.लि.को तर्फवाट श्री रमेश कुमार लुइँटेल | संचालक |
| ३. श्री सौरभ ज.व.राणा | संचालक |
| ४. श्री दिनेश वज्र वज्राचार्य | संचालक |
| ५. श्री स्कन्द अमात्य | संचालक |
| ६. श्री सिद्धिमान बस्न्यात | स्वतन्त्र संचलक |

**(ख) पर्यवेक्षक :**

१. श्री मदन नारायण मल्लिक - कम्पनी रजिष्ट्रारको कार्यालय

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

४. छलफलका विषयहरुको सूची :

<u>छलफलका विषयहरुः</u>

**१ सामान्य प्रस्ताव**

१.१ आ.व. २०७४।७५ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व. २०७४।०७५ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

१.३ आ.व.२०७५।०७६ का लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने बारे ।

१.४ कम्पनीको संस्थापक समुहको संचालकहरुको पदावधी वार्षिक साधारण सभा अघिनै व्यतित भएको कारण कम्पनीको वार्षिक साधारण सभासम्मका लागि पदावधी थप गर्ने सम्बन्धमा संचालक समितिको निर्णय अनुमोदन गर्ने बारे ।

१.५ विविध ।

**२ विशेष प्रस्ताव**

२.१ बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ बमोजिम कम्पनीको संचालक समितिको संख्या बढीमा ७ (सात) जना हुने व्यवस्था भएकाले सोहि अनुसार कम्पनीको नियमावलीको नियम १२ संसोधन गरी संचालक समितिको संख्या ७ ( सात) जना कायम गर्ने । जस अनुसार संचालक समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुने छ ।

क. समुह “क” संस्थापक शेयरधनीबाट निर्वाचित..........४ (चार) जना
ख. समुह “ख”सर्वसाधारण शेयरधनीबाट निर्वाचित.........२ (दुई) जना
ग. स्वतन्त्र संचालक...............................................१ (एक) जना

उपरोक्त बमोजिमको संचालक समितिमा कम्तिमा १ (एक) जना महिला संचालक रहनेछ ।

२.२ कम्पनीको चुक्ता पूँजीको ३० प्रतिशत हकप्रद शेयर जारी गर्ने बारे । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने बारे ।

२.३ नियमनकारी निकाय बीमा समितिबाट जारी भएको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धि निर्देशिका , २०७६ बमोजिम यस कम्पनी र अन्य कुनै बीमा कम्पनी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पुर्ण चलअचल सम्पत्ति र दायित्व मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत मर्ज (गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने) हुन आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्बन गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

सिभर इन्स्योरेन्स कं. लि. काठमाडौं

२.४ कम्पनीले संचालक समितिको निर्णय वमोजिमको चन्दा तथा समाजिक उत्तरदायित्व अन्तर्गत खर्चहरुलाई अनुमोदन गर्ने वारे ।

२.५ प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

२.६ संस्थापक समुह "क" का शेयरधनिबाट निर्वाचित हुने ४ (चार) संचालकका लागि बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को अधिनमा रही शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।

## ५. सभाको गणपुरक संख्या :

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | १४,७५८ | ६९३ | ४.७ |
| शेयर संख्या | १०,५७३,१०६ | ६,३१८,५५७ | ५९.७६ |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

## ७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

१४ औं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुलाई अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठले स्वागत गर्नुभयो । आ.व. २०७४।७५ बाट बीमा कम्पनीहरुले बीमा समितिबाट जारी निर्जिवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरण तयार गर्ने सम्बन्धि निर्देशिका बमोजिम तयार गरिने वित्तीय विवरणका अतिरिक्त नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम समेत वित्तीय विवरणहरु तयार गर्नुपर्ने व्यवस्था बमोजिम केहि प्रकृयागत ढिलाइले गर्दा कम्पनीको वार्षिक साधारण सभा सम्पन्न गर्न ढिला भएको सम्वन्धमा जानकारी गराउनु भयो । साथै कम्पनी ऐनको दफा १०८ बमोजिम नेपाल वित्तीय प्रतिवेदनमान

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

अनुसार तयार गरिएको वित्तीय प्रतिवेदनहरु साधारण सभाबाट पारित गर्नका लागि अनुरोध गर्नुहुँदै बीमा समितिको नियमनकारी प्रयोजनको लागि तयार गरिएको वित्तीय विवरणहरु समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि वार्षिक प्रतिवेदनसाथ संलग्न गरी गरिएको जानकारी गराउनुभयो । साथै आ.व. २०७४।७५ को वित्तीय विवरण तयार गर्दा नेपाल लेखा प्रतिवेदनमान तथा बीमा समितिबाट जारी विभिन्न निर्देशन बमोजिम थप जगेडा तथा व्यवस्थाहरु कायम गर्नुपर्ने भएको हुँदा आ.व.२०७४।७५ मा बोनस शेयर तथा नगद लाभांस वितरण गर्न नसकेको बारेमा समेत अध्यक्षज्यूले जानकारी गराउनुभयो ।

कम्पनीले आफनो स्थापनाको १५ औं वर्षमा पाइला टेकिरहँदा नेपालको निर्जिवन बीमाको हरेक सुचकांकमा अग्रणी स्थान हासिल गर्न सफल रहेको र निजि क्षेत्रबाट प्रवर्द्धित बीमा कम्पनीहरु मध्ये सबै भन्दा वढी नेटवर्थ तथा लगानीकोष र सवै भन्दा बढी बीमाकोषका साथ सुदृढ कम्पनीको रुपमा अगाडी बढदै आइरहेको कुरा अध्यक्षज्युले जानकारी गराउनु भयो । कम्पनीको व्यवसायमा भएको विकास संगै ठूला जोखिमहरु तथा ठूला सम्पत्तिहरुको बीमा गर्दा आफ्नो धारण क्षमता बढाउनको लागि कम्पनीको नेटवर्थमा थप वृद्धि गर्न आवश्यक भएकोले यस साधारण सभामा ३० प्रतिशत हकप्रद शेयरको प्रस्ताव पेश गरिएको समेत जानकारी गराउनुभयो । हकप्रद शेयर जारी पश्चात हुने पुँजी वृद्धिले कम्पनीको धारण रकममा वृद्धि भई पुनर्बीमा खर्चमा न्युनिकरण हुने जानकारी गराउनु भयो ।

कम्पनीले बीमाको दायरा बढाई देशभरका जनतामा बीमा सेवा पुऱ्याउने उद्देश्य सहित देश भर १०० भन्दा बढी शाखाहरुको विस्तार गरिसकेको र नाफाको उद्देश्य नलिई समेत हुम्ला, मुगु, कालिकोट, डोल्पा, ताप्लेजुङ, डोटी जस्ता दुर्गम जिल्लाहरुमा समेत कम्पनीले आफ्नो शाखाहरु विस्तार गरी बीमा सेवा पुऱ्याउँदै आएको अध्यक्षज्यूले जानकारी गराउनु भयो । कम्पनीले जुम्ला, मुगु, मुस्ताङ तथा कालिकोटका किसानहरुलाई लक्षित गरि सुरु गरेको मौसमी सुचकाकंमा आधारित बीमाले UK Aid, Adaptation at Scale Prize मा ५०,००० पाउण्ड सहितको पुरस्कार प्राप्त गर्न सफल भएको समेत अध्यक्षज्युले सभामा जानकारी गराउनु भयो ।

कम्पनीको विगतको कार्य प्रगतिको समिक्षा तथा आउँदा दिनहरुको योजनाहरुको सम्वन्धमा शेयरधनी महानुभावहरुलाई थप जानकारी दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

कम्पनीको कार्यप्रगति सम्वन्धि विवरण तथा कम्पनीको विभिन्न योजनाहरु सम्वन्धमा प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेले निम्नानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो -

- शिखर इन्स्योरेन्स कम्पनी लि. १५ औं निर्जीवन बीमा कम्पनीको रुपमा स्थापना भएको र हाल सम्ममा १०० शाखा कार्यालयहरु तथा करिब ६०० जना कर्मचारी सहित नेपालको अग्रणी बीमा कम्पनीको रुपमा संचालन भईरहेको जानकारी गराउनु भयो ।
- कम्पनीले आफ्नो स्थापनाकालदेखि हाल सम्म १४ वर्षको समयमा बीमा शुल्क, दावी भुक्तानी, नेटवर्थ तथा लगानी लगायत अन्य प्रगतिको तुलनात्मक विवरण सभामा पेश गर्नुभयो । साथै आ.व. २०७५।७६ को तेस्रो त्रैमासिक विवरणहरु अनुसार यस कम्पनी र अन्य निर्जिवन बीमा कम्पनीहरुको तुलनात्मक विवरण प्रस्तुत गर्नुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

– कम्पनीले नेपालको सात वटै प्रदेशमा स्थापना गरेको शाखाहरुको सम्वन्धमा शेयरधनी महानुभावहरुलाई जानकारी गराउनु भयो ।

– कम्पनीले जुम्ला, मुगु, मुस्ताङ तथा कालिकोटका किसानहरुलाई लक्षित गरि शुरु गरेको मौसमी सुचकाकंमा आधारित बीमाले UK Aid, Adaptation at Scale Prize मा ५०,००० पाउण्ड सहितको पुरस्कार प्राप्त गर्न सफल भएको जानकारी गराउनु भयो । साथै कारोबार राष्ट्रिय दैनिकबाट कम्पनीलाई उत्कृष्ट निर्जिवन बीमा कम्पनीको रुपमा पुरष्कृत गरिएको सम्वन्धमा जानकारी गराउनु भयो ।

– बीमा शुल्क, बीमालेख तथा बीमा दावीमा कम्पनीको बजार हिस्सा को सम्वन्धमा सभालाई जानकारी गराउनुभयो । साथै बैंकिङ, होटल, बहुराष्ट्रिय कम्पनी, हवाई क्षेत्र लगायत अन्य क्षेत्रका अधिकांश प्रमुख संस्थाहरुले कम्पनीलाई विश्वास गरी यसै कम्पनी संग बीमा सेवा लिँदै आएको जानकारी गराउनु भयो ।

– कम्पनीलाई महाविपत्ति जोखिमवाट सुरक्षित राख्न रु.८०० करोडको महाविपत्ति जोखिम पुनर्बीमा व्यवस्था खरिद गरिएको जानकारी गराउनुभयो । महाविपत्ति पुनर्बीमा बापत कम्पनीलाई थप भार परेतापनि यसले ढुक्कसाथ कम्पनीको व्यवसाय विस्तार गर्न मद्दत गर्ने जानकारी गराउनुभयो । यसका साथै कम्पनीले अवलम्वन गरेको अन्य पुनर्बीमा नीतिका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।

– सरल तथा सहज दावी भुक्तानीको लागि कम्पनीले आवश्यक कार्ययोजना तथा प्रणालीको विकास गरेको जानकारी गराउनुभयो । आ.व. २०७४।७५ मा मात्र रु.१८७ करोडको दावी भुक्तानी गरिएको र कम्पनी स्थापना देखि १५ वर्षको समयमा रु.१,१०० करोड भन्दा बढीको बीमा दाबी भुक्तानी गरिसकेको जानकारी गराउनुभयो ।

– कम्पनीले नेपालमा कृषि तथा पशुपंक्षी बीमा तथा लघु बीमाको प्रवर्द्धनको लागि समेत अग्रणी भुमिका खेल्दै आइरहेको र गत सालमात्र कम्पनीले कृषी बीमा दावी बापत रु.९ करोड भन्दा बढीको दावी भुक्तानी गरेको जानकारी गराउनु भयो ।

– बीमा कम्पनीहरुले आ.व.२०७४।७५ देखि नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरण तयार गर्नुपर्ने भएबमोजिम नेपाल वित्तीय प्रतिवानअनुरुप वित्तीय विवरण तयार गर्दा परेका असरहरु सम्वन्धमा सभालाई जानकारी गराउनुभयो ।

– कम्पनीको व्यवस्थापन खर्च अन्तर्गतको केहि शिर्षकहरुमा भएको वृद्धिको कारण बारेमा सभामा जानकारी गराउनुभयो ।

– कम्पनीले यस १४ औं वार्षिक साधारण सभामा ३० प्रतिशत हकप्रद शेयरको प्रस्ताव गर्नुको कारणहरु तथा हकप्रद शेयर पश्चात कम्पनीलाई प्राप्त हुने लाभ सम्वन्धमा जानकारी गराउनुभयो ।

– कम्पनीको हालको चुनौती तथा सो लाई निराकारण गर्न कम्पनीले अवलम्वन गर्ने कार्यहरु तथा भावी योजनकाहरुका सम्वन्धमा सभामा जानकारी गराउनुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

## ८. छलफलको लागि आह्वान :

अध्यक्षज्यूले आ.व.२०७४/०७५ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर आ-आफ्नो प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तव्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु सभामा प्रस्तुत गर्नुभयो ।

क. श्री इन्द्र कृष्ण श्रेष्ठ

ख. श्री कुवेर श्रेष्ठ

ग. श्रीमती राधा पोखरेल

घ. श्री अमृत नाथ रेग्मी

ङ . श्री उद्धव प्रसाद घिमिरे

च. श्री जयन्द्रमान सिंह वानिया

छ. श्री अशोक उप्रेति

ज. श्री लव राज जोशी

## ९. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :

### क. श्री इन्द्र कृष्ण श्रेष्ठ

- प्रमुख कार्यकारी अधिकृतले कम्पनीको सम्पूर्ण पक्षहरुलाई समेटी शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भएकोमा प्रसंसा व्यक्त गर्नु भयो ।
- संचालक समितिमा विभिन्न जातको संचालकहरु रहनुभएकोले कम्पनीको हरेक निर्णयहरु राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीले आ.व. २०७५।७६ मा पनि राम्रो प्रगति प्राप्त गर्न सफल भएको र आगामी दिनहरुमा पनि कम्पनीको राम्रो प्रगति होस् भन्ने कामना गर्नुभयो ।
- हालै केहि दिन अघि सुविसु केवलनेटको आगलागीका कारण परेको दावीको सम्वन्धमा शेयरधनी महानुभावहरुलाई प्रष्ट खुलाउनको लागि अनुरोध गर्नुभयो ।
- कम्पनीले नेपाल सरकारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष कर गरी रु.६५ करोड भन्दा बढीको राजश्व भुक्तानी गरेकोमा खुशी व्यक्त गर्नुभयो । शिखर इन्सयोरेन्सले जस्तै अन्य कम्पनीहरुले पनि करोडौं रुपैंयाको राजश्व भुक्तानी गरेतापनि जनताले सुविधा तथा लाभ नपाएको सम्वन्धमा आफ्नो धारण राख्नुभयो ।
- कम्पनीले लाभांस वितरण गर्न नसकेको सम्वन्धमा वार्षिक विवरणको पाना नं ८५ मा उल्लेख गरिएको हुँदा सो सम्बन्धमा थप चर्चा गरिरहन आवश्यक नभएको जानकारी गराउनु भयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

ख. श्री कुवेर श्रेष्ठ

- कम्पनीले आ.व.२०७४।७५ मा शेयरधनीहरुलाई लाभांश तथा बोनस शेयर प्रदान नभएकोमा जिज्ञासा व्यक्त गर्नुभयो । कम्पनीहरुले दुई तीन वर्ष लाभांस नदिइकन एकैचोटी धेरै लाभांश दिने प्रचलन देखिएको तर यस्तो प्रचलन राम्रो नभएको धारणा व्यक्त गर्नुभयो ।
- शिखर इन्स्योरेन्स नामले मात्र शिखर नभई कामले समेत शिखर हुनु पर्ने धारणा राख्नुभयो ।
- वार्षिक साधारण सभामा कम्पनीका कर्मचारीहरुले झैं संचालकहरु समेत राष्ट्रिय पोशाकमा उपस्थित हुनुभएको भए राम्रो हुने धारणा व्यक्त गर्दै आगामी साधारण सभामा सम्पुर्ण संचालकहरुलाई समेत राष्ट्रिय पोशाकमा उपस्थित हुनको लागि अनुरोध गर्नुभयो ।
- कम्पनीले आ.व.२०७४।७५ मा कुल बीमा शुल्क रु.३.३४ अर्व आर्जन गरेको र आयकर वापत मात्र सरकारलाई रु.१९ करोड भुक्तानी गरेकोमा खुशी व्यक्त गर्नुभयो । यसरी कम्पनीले आयकर भुक्तानी गरिसके पश्चात पनि शेयरधनीहरुले पाउने लाभांशमा पुन: कर लगाउनु न्यायसंगत नभएकोले दोहोरो करको अन्त्य हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीले आगामी साल रु.१०० करोडको नाफा आर्जन गर्न आग्रह गर्दै सोहि बमोजिमको कार्ययोजना बनाउन आग्रह गर्नुभयो । साथै आगामी दुई वर्षमा कम्पनीको नेटवर्थलाई रु.४०० पुऱ्याउन कम्पनीको संचालक समिति र व्यवस्थापनलाई अनुरोध गर्नुभयो ।
- कम्पनीको हालको मुल्य आम्दानी अनुपात बढी भएको कारण मुल्य आम्दानी अनुपातलाई कम गरी १० मा कायम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीले ५०,००० पाउण्डको अन्तराष्ट्रिय पुरस्कार पाउन सफल भएकोमा सम्पुर्ण शेयरधनी महानुभावहरु समेत गौरवान्वित भएको धारण व्यक्त गर्नुभयो ।
- कम्पनीले आ.व.२०७४।७५ मा ३०२,००० ग्राहकलाई मात्र बीमा सेवा प्रदान गरेको जुन कुल जनसंख्याको १ प्रतिशत मात्र रहेकोले उक्त संख्यालाई वृद्धि गरि कम्तिमा १० लाख पुऱ्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीका शेयरधनीहरुलाई कम्पनीले प्रदान गर्ने बीमा सेवामा विशेष छुट प्रदान गर्न अनुरोध गर्नुभयो ।
- भुकम्प लगायत अन्य महाविपत्ति आएको खण्डमा कम्पनीको वैकल्पिक योजनाको सम्वन्धमा प्रश्न गर्नुभयो ।
- कम्पनीले यस वर्ष बोनस शेयर तथा नगद लाभांस प्रदान नगरेको कारण आगामी वर्ष कम्तिमा ८० प्रतिशत लाभांस दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- सरल दावी भुक्तानीको माध्यमबाट नै ग्राहकको मन जितिने भएकोले दावी भुक्तानी गर्न ढिलाई नगर्नको लागि आग्रह गर्नुभयो । दावी भुक्तानी राम्रो भयो भने थप ग्राहकहरु आकर्सित भई व्यापार व्यवसाय बढ्ने करा व्यक्त गर्नुभयो ।
- कम्पनीका कर्मचारी तथा प्रमुख कार्यकारीको इमान्दारी तथा मिहिनेतका कारण कम्पनील्ले प्रगति हासिल गर्न सफल भएको धारण व्यक्त गर्नुभयो । साथै कर्मचारी भर्ना गर्दा शेयरधनीका आफ्ना मान्छे जो गरिब, इमान्दार र कुशल छन् उसलाई ग्राहयता दिनुपर्ने धारणा राख्नुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

- कम्पनीका कर्मचारीहरु तथा एजेन्टहरुले व्यवसाय प्राप्तिको लागि सफलता हासिल नभएसम्म निरन्तर प्रयासरत रहनुपर्ने धारण व्यक्त गर्नुभयो ।
- आगामी साधारण सभामा अन्य ५।६ वटा ठूला कम्पनीहरुको तुलनात्मक विवरण दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- विगतमा कम्पनीको साधारणसभाको माइन्युट उपलब्ध नभएकोले आउँदा दिनहरुमा कम्पनीको साधारणसभाको माइन्युट उपलब्ध गराउनुहुन अनुरोध गर्नुभयो ।

### ग. श्रीमती राधा पोखरेल

- कम्पनीको वार्षिक साधारण सभामा आफ्ना धारणाहरु राख्ने मौका दिनुभएकोमा कम्पनीलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
- शिखर इन्स्यारेन्स कम्पनी लि. नेपालको अग्रणी बीमा कम्पनीको रुपमा रहेको र यसका कर्मचारीहरु साह्रै मिलनसार रहेको धारणा व्यक्त गर्नुभयो ।
- विगतमा कम्पनीले पौष मसान्त भित्र नै वार्षिक साधारण सभा गर्ने गरेको तर यस वर्ष साधारण सभा सम्पन्न गर्न भएको ढिलाइले शेयरधनीहरुलाई मर्का परेको बारे जानकारी गराउनुभयो ।
- कम्पनीले आ.व.२०७४।७५ मा धेरै नाफा आर्जन गरेको अवस्थामा समेत बोनस शेयर वा नगद लाभांस नदिएकोमा चिन्ता व्यक्त गर्दै २० प्रतिशत मात्र भए पनि बोनस शेयर प्रदान भएको भए राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।
- ३० प्रतिशत हकप्रद शेयरले शेयरधनीहरुलाई मारमा परेको धारण व्यक्त गर्नुहुँदै आगामी दिनहरुमा बोनस शेयरमा जोड दिनको लागि अनुरोध गर्नुभयो ।
- आगामी दिनमा कम्पनीको प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो ।

### घ. श्री अमृतनाथ रेग्मी

- शिखर इन्स्योरेन्स नेपालको अग्रणी बीमा कम्पनीको रुपमा रहे पनि केहि सुचाकंहरुमा शिखर इन्स्योरेन्स पहिलो नम्बरमा नरहेको धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीलाई बलियो बनाउनको लागि कम्पनीको जनरल रिजर्भ बढाउन आवश्यक रहेकाले जनरल रिजर्भ वलियो गर्नको लागि प्रिमियम मुल्यमा हकप्रद शेयर जारी गर्न सकिने हुँदा प्रस्तावित हकप्रद शेयरलाई प्रिमियम मुल्यमा जारी गर्न सुझाव व्यक्त गर्नुभयो ।
- कम्पनीको महाविपत्ति जगेडा रकम कम रहेकोले महाविपत्ति जगेडा रकम बढाउन सुझाव दिनुभयो ।
- कम्पनीको कुल लगानी रकम अन्य कम्पनीहरु मध्ये सरकारी बीमा कम्पनी बाहेक अग्रणी स्थानमा रहेकाले खुशी व्यक्त गर्नुभयो । साथै असमाप्त जोखिम जगेडा अन्य कम्पनीहरुको तुलनामा धरै माथि रहेकोले बधाई तथा धन्यवाद प्रदान गर्नुभयो । तर कम्पनीको दाबी भुक्तानी अन्य कम्पनीको तुलनामा धेरै वढी रहेकोले यसलाई नियन्त्रण गर्न सुझाव प्रदान गर्नुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

- कम्पनीको रिटेन्सनको रकम बढाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।
- पुनर्बीमा कमिशन आम्दानी तुलनात्मक रुपमा कम भएकोले पुनर्बीमा कमिशन बढाउनको लागि पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- दायित्व पर्याप्तता परीक्षण पश्चात थप व्यवस्था कायम गर्दा कम्पनी बलियो हुने भएकोले लाभांश प्राप्त नभएतापनि कम्पनी बलियो हुने धारणा व्यक्त गर्नुभयो । तथापि लाभांश वितरण गर्न नसकेको अवस्थामा कम्पनी बलियो भए पनि शेयरधनीलाई कुनै अर्थ नरहने भएकोले आगामी वर्षहरुमा लाभांश वा बोनस शेयर वितरण गर्नको लागि सुझाव दिनुभयो ।
- अभिकर्ता कमिशनमा भएको खर्च कटौटिको लागि कम्पनीलाई धन्यवाद दिनुभयो ।
- एनएफआरएस अन्तर्गतको वित्तीय विवरणमा सम्पत्तिलाई वजार मुल्यमा लेखांकन गर्नको लागि सुझाव प्रदान गर्नुभयो ।
- अन्य कुनै कम्पनी संग मर्ज गर्दा वित्तीय अवस्था सुदृढ रहेको कम्पनीसंग मर्जरमा जानु उपयुक्त हुने धारण व्यक्त गर्नुभयो । अथवा विदेशी कम्पनी संग रणनीतिक साझेदारी गरेर पनि कम्पनी बलियो बनाउन सकिने सुझाव पेश गर्नुभयो ।
- कम्पनीको रिसर्च एण्ड डेभलपमेन्टमा कमजोरी रहेको हो कि भन्ने प्रश्न गर्नुहुँदै रिसर्च एण्ड डेभलपमेन्ट गतिविधिलाई बलियो बनाउन सुझाव दिनुभयो ।
- कम्पनी नेपालको बीमा क्षेत्रमा सदैव नं १ कम्पनीका रुपमा रहनको लागि शुभकामना व्यक्त गर्नुभयो ।

**ङ. श्री उद्धव प्रसाद घिमिरे**

- कम्पनीले कुनै लाभांश वा बोनस शेयर नदिएतापनि कम्पनीको जगेडाकोष वृद्धि भई बलियो हुने हुँदा खुशी व्यक्त गर्नुभयो ।
- अन्य केहि कम्पनीहरुले महाविपत्ति जगेडा नासो लिएर समेत लाभांस वितरण गरेको तर यस कम्पनीले लाभांस वितरण नगरेतापनि कम्पनी सुदृढ हुँदै गएको धारणा व्यक्त गर्नभयो ।
- कम्पनीले आफ्नो व्यवसाय विस्तारको लागि नयाँ प्रविधि आत्मसाथ गर्दै बीमा व्यवसाय गर्नुपर्नेमा जोड दिनुभयो ।
- कम्पनीको दाबी भुक्तानी कार्यलाई सुदृढ गरी समयमै दावीहरुको फछ्र्यौट गर्न सुझाव प्रदान गर्नुभयो ।
- वैदेशिक मुद्राको कारोबारमा समेत विशेष ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीको प्रमुख वित्तीय सुचांकहरु राम्रो रहेको धारणा व्यक्त गर्नुभयो ।
- आगामी वर्ष शेयरधनीहरुलई लाभांश वा बोनस शेयर वितरण गर्नको लागि आग्रह गर्नुभयो ।
- आगामी वर्षहरुमा कम्पनीको थप सफलताको लागि शुभकामना दिनुभयो ।

**च. श्री जयन्द्रमान सिंह बानिया**

- शिखर इन्स्योरेन्स अग्रणी कम्पनीका रुपमा रहेपनि शेयरधनीहरुलाई कुनै लाभांस प्राप्त नभएको कारण दुखः व्यक्त गर्नुभयो ।
- कम्पनीले ५०,००० पाउण्डको पुरस्कार प्राप्त गर्न सफल भएकोमा खुसी व्यक्त गर्नुभयो ।
- कम्पनीको कुल बीमा शुल्क तथा दावी भुक्तानीमा मोटर बीमाको हिस्सा अधिक रहेको कारण यस तर्फ सजग रहनको लागि अनुरोध गर्नुभयो । साथै हवाई बीमामा बीमा शुल्क आम्दानी भन्दा दावी रकम बढी भएको कारण यस तर्फ सचेत रहनको लागि आग्रह गर्नुभयो ।
- आर्थिक वर्ष २०७५।७६ को वित्तिय अवस्था कस्तो छ र आगामी वर्षमा कसरी व्यवसाय विस्तार हुने र के कति लाभांस प्रदान गर्ने हो सो सम्बन्धमा जानकारी प्रदान गर्न अनुरोध गर्नुभयो ।
- आ.व. २०७५।७६ मा १४ प्रतिशतको बजार हिस्सा रहँदै अग्र स्थानमा रहेतापनि अन्य सुचाकंहरु हेर्दा अझ अगाडी जानु पर्नेमा जोड दिनुभयो । कम्पनीको प्रति शेयर किताबी मुल्य घटेको तथा प्रति शेयर आम्दानी समेत घटेको कारण यसलाई आगामी दिनमा सुदृढ बनाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीको बजार मुल्य समेत धेरै झरेको कारण लगानीकर्ताहरुलाई धेरै मार परेको कारण कम्पनीको व्यवस्थापनले आगामी दिनहरुमा सुधारको कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीको व्यवस्थापन खर्च समेत बढेको, विगतमा कुल बीमा शुल्कमा ९ प्रतिशत र १० प्रतिशतको अनुपातमा रहेको व्यवस्थापन खर्च १२ प्रतिशत पुगेको कारण व्यवस्थापन खर्चमा नियन्त्रण गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै कम्पनीको सोल्भेन्सी मार्जिन समेत घटेको कारण यसलाई पनि सुधार गर्नुपर्नेमा जोड दिनुभयो । साथै कम्पनीको बीमाकोषलाई थप वृद्धि गर्न आग्रह गनुभयो ।
- कर्मचारीहरु संख्या समेत धेरै भएको अवस्थामा विज्ञापनको माध्यमबाट राम्रो कर्मचारीहरु नियुक्ति गर्नुपर्नेमा जोड दिनुभयो ।
- आगामी वर्षहरुमा निरन्तर लाभांश तथा बोनस शेयर प्रदान गर्नको लागि अनुरोध गर्दै आगामी वर्ष के कति लाभांश तथा बोनस शेयर प्रदान गर्ने हो सो बारे जानकारी प्रदान गर्नको लागि अनुरोध गर्नुभयो ।
- अन्य कम्पनीहरुसंग मर्ज गर्दा आफु भन्दा कमजोर कम्पनीसंग मर्ज गर्नु उपयुक्त हुने धारणा व्यक्त गर्नुभयो ।
- हकप्रद शेयरबाट भन्दा पनि वोनस शेयरबाट कम्पनीको चुक्ता पुँजी वृद्धि गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**छ. श्री अशोक उप्रेति**

- अन्य वक्ताहरुलाई धन्यवाद ज्ञापन गर्नुहुँदै पहिलो पटक महिला वक्ताका रुपमा आउनुभएका श्रीमती राधा पोखरेललाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो ।

- शिखर इन्स्यारेन्सको प्रमुख कार्यकारी अधिकृत अन्य कम्पनीहरु भन्दा पृथक रहनुभएको र उहाँले कम्पनीलाई उचाँईमा पुऱ्याउनु भएकोमा प्रमुख कार्यकारी अधिकृतको कदर गर्नुभयो ।
- कम्पनीमा बीमा क्षेत्रको लामो अनुभव रहेको विज्ञ कर्मचारीहरु तथा स्वतन्त्र संचालक रहेको कारण कम्पनीको कार्यप्रगति राम्रो हुने धारणा व्यक्त गर्नुभयो ।
- कृषिको विकासले नै देशको विकास हुने हुँदा कृषि तथा लघु बीमामा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । कृषि बीमामा नेपालमा करिब ३८,००० सहकारीहरु रहेको र ती सहकारीका सदस्यहरुलाई एजेन्ट बनाएर कृषि बीमाको विकास गर्न सकिने धारणा राख्नु भयो ।
- शेयरधनी कुवेर श्रेष्ठले भन्नु भएको जस्तै दाहोरो कर हट्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।
- प्रमुख कार्यकारी अधिकृतको प्रत्येक कदमलाई शेयरधनीहरुबाट साथ र सहयोग रहने धारणा व्यक्त गर्नुहुँदै कम्पनीको प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो ।

**ज. श्री लवराज जोशी**

- कम्पनीको हालसम्मको प्रगतिको लागि प्रमुख कार्यकारी अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन तथा संचालक समितिलाई शुभकामना प्रदान गर्नुभयो ।
- शेयरधनीहरुबाट विगतमा प्रदान भएको सल्लाह बमोजिम कम्पनीले शाखा विस्तार गर्नुको साथै अन्य सुझावहरु समेत आत्मसाथ गर्दै कार्यहरु गर्दै आएकोमा खुशी व्यक्त गर्नुभयो । जुम्ला जस्तो विकट स्थानमा शाखा विस्तार गरी कृषि तथा लघु बीमाको प्रवर्द्धन गर्न सफल भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- कृषि बीमाको कारण समेत अन्य बीमाको विकास भएको धारणा व्यक्त गर्नुभयो ।
- एनएफआरएसको कारण रु.४५ करोडको नाफा भएतापनि लाभांश वितरण गर्न नसकिएकोले आगामी वर्ष राम्रो लाभांश प्राप्त हुने आशा व्यक्त गर्नुभयो ।
- कम्पनीले आ.व. २०७४।७५ मा रु.३ अरब ३३ करोडको बीमा शुल्क आर्जन गर्न सफल भएको करा सऱ्हानिय कार्य रहेको धारणा व्यक्त गर्दै रु.५०० करोडको बीमा शुल्क आर्जन गर्ने लक्ष्य सहित कार्ययोजना बनाई अघि बढ्न अनुरोध गर्नुभयो ।
- शेयरधनीहरुले कम्पनीलाई विश्वास गरेर नै कम्पनीको शेयर रु.४३ सय सम्ममा समेत खरिद गरेको धारणा व्यक्त गर्नुभयो ।
- शेयरधनी महानुभावहरुले समेत नियमनकारी व्यवस्थाहरुको बारेमा जानकारी प्राप्त गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।
- यो कम्पनीलाई समय सुहाँउदो नीति निर्माण गर्न संचालक समितिलाई आग्रह गर्नुभयो ।
- कम्पनीको संचालक समितको निर्णयहरु के कति कार्यान्वयन भयो भन्ने बारेमा संचालक समितिले हेर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीका शेयरधनी महानुभावहरुलाई कम्पनीको कार्यप्रगतिको बारेमा नियमित रुपमा जानकारी प्रदान गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

- आगामी दिनहरुमा अन्य कम्पनीहरुको साधारण सभासंग नजुध्ने गरी साधारण सभाको मिति तोक्नको लागि अनुरोध गर्नुभयो ।
- भविष्यमा कम्पनीको प्रगतिको लागि शुभकामना ज्ञापन गर्नुभयो ।

**१०. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनी महानुभावहरुको जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेलाई अनुरोध गर्नुभयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- सुविसुको अग्नि बीमा दावी सम्बन्धमा दावी फर्छ्यौटको लागि सर्भेयरले आफ्नो कामको थालनी गरिसकेको र सर्भेयरको प्रतिवेदन पश्चात् पुनर्बीमा कम्पनीको स्विकृतिमा मात्र दाबी भुक्तानी कार्य सम्पन्न गरिने जानकारी गराउँदै बजारको हल्ला जस्तो कम्पनीलाई करोडौंको भार नपर्ने जानकारी व्यक्त गर्नुभयो ।
- कम्पनीको नाफा रकमलाई वृद्धि गरी रु.१०० करोडको नाफा आर्जन गर्न कम्पनी प्रयत्नशिल रहने जानकारी गर्नुभयो । साथै कम्पनीको नेटवर्थलाई रु. ४०० करोड पुऱ्याउन कम्पनी प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।
- मोटर बीमाको दावी सम्बन्धमा विशेष ध्यान दिने र तेस्रो पक्ष तथा यात्रीको दावी रकम वृद्धि भएको कारण समेत मोटर दावी रकम बढेको बारेमा जानकारी दिनुभयो । हवाई बीमामा हुने नोक्सानको सम्बन्धमा प्राप्त सुझावलाई स्वागत गर्दै सजग भई बजार अध्ययन गरि अगाडी बढने व्यहोरा जानकारी गराउनुभयो । मोटर बीमाको दाबीमा बजारमा अस्वस्थ गतिविधि रहने कारण विभिन्न चुनौतिहरु रहेको अवस्थामा समेत कम्पनीको दावी विभागले राम्रो काम गर्दै आएको समेत जानकारी गराउनुभयो ।
- शेयरधनी महानुभावको आग्रह बमोजिम आगामी वर्ष ८० प्रतिशतको लाभांश प्रदान गर्न नसकिने तर शेयरधनी महानुभावलाई उच्चतम प्रतिफल प्रदान गर्न प्रयत्नशिल रहने जानकारी गर्नुभयो ।
- शेयरधनी महानुभावलाई अन्य सविधा दिने सम्बन्धमा प्रचलित कानूनी व्यवधान देखिने तर पनि स्वास्थ्य बीमामा शेयरधनी महानुभावलाई कानून संगत विशेष छुट दिन आवश्यक कार्य गर्ने सम्बन्धमा जानकारी गराउनुभयो ।
- भुकम्प लगायत अन्य महाविपत्तिको लागि बैकल्पिक योजनाको रुपमा आवश्यक महाविपत्ति पुनर्बीमा व्यवस्था गर्दै आएको जानकारी गराउनुभयो ।
- कम्पनीको कर्मचारी भर्ना गर्दा समेत कुशल कर्मचारीहरु पारदर्शी रुपमा भर्ना गर्दै गएको जानकारी गराउनु भयो ।

- कम्पनीले साधारण सभाको माइन्युट शेयरधनी महानुभावहरुलाई वितरण गर्ने गरेको जवाफ दिनुभयो ।
- आगामी वर्षहरुमा कम्पनीको वार्षिक साधारण सभा समयमै गर्न कम्पनी प्रयत्नशिल रहने जानकारी गराउनुभयो ।
- कम्पनीको जगेडा रकम तथा रिटेन्सन रकम वृद्धि गर्दै जाने जानकारी गराउनुभयो ।
- वजारको अवस्थाको कारण पुनर्बीमा कमिशनको नेगोसियसन गर्न गाह्रो भएको धारणा व्यक्त गर्नुभयो ।
- शेयरको संख्या बढेको कारण प्रतिशेयर किताबी मुल्य तथा प्रतिशेयर आम्दानी घटेको जानकारी गराउनुभयो । साथै बीमा समितिको निर्देशन बमोजिमको न्युनतम चुक्ता पुँजी रु.२५ करोड बाट वृद्धि भई रु.१०० करोड पुगेको कारण कम्पनीको सोल्भेन्सी मार्जिन घटेको जानकारी गराउनु भयो ।
- व्यवस्थापन खर्चमा भएको वृद्धिको सन्दर्भमा कम्पनीको दिर्घकालिन योजना अनुरुप शाखामा भएको वृद्धि संगै कर्मचारीको नियुक्ति र सेवा सुविधामा भएको वृद्धिको कारण व्यवस्थापन खर्चमा वृद्धि हुन गएको र व्यवस्थापन खर्चमा भएको वृद्धिले चालु आ.व.को नाफामा असर गरेतापनि दिर्घकालिन रुपमा कम्पनीलाई राम्रो हुने धारणा व्यक्त गर्नुभयो । यसलाई खर्च भन्दा पनि लगानीको रुपमा लिनुपर्ने जानकारी गराउनुभयो ।

## ११. वार्षिक साधारण सभाको निर्णय :

### १ सामान्य प्रस्ताव

१.१ आ.व. २०७४।७५ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

१.२ आ.व. २०७४।७५ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

१.३ आर्थिक वर्ष २०७५/७६ को यस कम्पनीको वित्तीय विवरणहरुको लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा वर्तमान लेखापरीक्षक श्री जि.पि.राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेण्टस, कम्पनी ऐन बमोजिम आ.व.२०७५।७६ को वित्तीय विवरणहरुको लेखापरीक्षणको लागि पुनः योग्य हुनु भएकोले कम्पनीको लेखापरीक्षण समितिको सिफारिसमा समान लेखापरीक्षण शुल्क (रु.३००,०००) प्रदान गर्ने गरी आ.व.२०७५।७६ को लेखापरीक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१.४ कम्पनीको संस्थापक समुहको संचालकहरुको पदावधी वार्षिक साधारण सभा अघिनै व्यतित भएको कारण कम्पनीको बार्षिक साधारण सभा सम्मका लागि पदावधी थप गर्ने सम्बन्धमा संचालक समितिको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

## २ विशेष प्रस्ताव

२.१ बीमा समितिबाट जारी बीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ बमोजिम कम्पनीको संचालक समितिको संख्या बढीमा ७ (सात) जना हुने व्यवस्था भएकाले सोही अनुसार कम्पनीको नियमावलीको नियम १२ संशोधन गरी संचालक समितिमा देहाय बमोजिमको समुहगत प्रतिनिधित्व रहने गरी संचालक समितिको संख्या ७ (सात) जना कायम गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

क. समुह "क" संस्थापक शेयरधनीबाट निर्वाचित............४ (चार) जना
ख. समुह "ख" सर्वसाधारण शेयरधनी निर्वाचित..............२ (दुई) जना
ग. स्वतन्त्र संचालक............................................१ (एक) जना
उपरोक्त बमोजिमको संचालक समितिमा कम्तिमा १ (एक) जना महिला संचालक रहनेछ ।

२.२ कम्पनीको निम्न उद्देश्यहरु बमोजिम कम्पनीको चुक्ता पूँजी (रु.१,०५७,३१०,६००) को ३० प्रतिशत (रकम रु.३१७,१९३,२०० को लागि ३,१७१,९३२ कित्ता) हकप्रद शेयर जारी गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा निम्न बमोजिमको संशोधन गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

कम्पनीको प्रबन्ध-पत्रमा प्रस्तावित संशोधन

| प्रबन्ध-पत्रको दफा | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ५(ख) | कम्पनीको जारी पुंजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | कम्पनीको जारी पुंजी रु.१,३७,४५,०३,८०० /-(एक अरब सैंतिस करोड पैंतालीस लाख तीन हजार आठ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ३७ लाख ४५ हजार ३८ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | हकप्रद शेयरको माध्यमबाट पुंजी वृद्धि गर्न |
| दफा ५(ग) | कम्पनीको चुक्तापुंजी रु.१,०५,७३,१०,६०० /-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ | कम्पनीको चुक्तापुंजी रु.१,३७,४५,०३,८०० /-(एक अरब सैंतिस करोड पैंतालीस लाख तीन हजार आठ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ३७ लाख ४५ हजार ३८ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | |

सिभर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

## कम्पनीको नियमावलीमा प्रस्तावित संशोधन

| नियमावली को नियम | हालको व्यवस्था | प्रस्तावित संशोधन | उद्देश्य |
|---|---|---|---|
| नियम ५(ख) | कम्पनीको जारी पुँजी रु.१,०५,७३,१०,६०० ⁄-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको चुक्तापुँजी रु.१,०५,७३,१०,६०० ⁄-(एक अरब पाँच करोड त्रिहत्तर लाख दश हजार छ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ५ लाख ७३ हजार १ सय ६ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ | कम्पनीको जारी पुँजी रु.१,३७,४५,०३,८०० ⁄-(एक अरब सैंतिस करोड पैंतालीस लाख तीन हजार आठ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ३७ लाख ४५ हजार ३८ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ ।<br><br>कम्पनीको चुक्तापुँजी रु.१,३७,४५,०३,८०० ⁄-(एक अरब सैंतिस करोड पैंतालीस लाख तीन हजार आठ सय मात्र) हनेछ । जसलाई रु.१०० का दरका १ करोड ३७ लाख ४५ हजार ३८ थान साधारण शेयरहरुमा विभाजन गरिनेछ । | हकप्रद शेयरको माध्यमबाट पुँजी वृद्धि गर्न |
| १२(ख) | यस कम्पनीमा ९ जनाको संचालक समिति हुनेछ ।<br>संचालकहरुको नियुक्ति देहाय बमोजिम हुनेछ ।<br>१.समुह“क” बाट...........५ जना<br>२.समुह“ख”सर्वसाधारण शेयरधनिबाट निर्वाचित हुने.............२ जना<br>३. स्वतन्त्र संचालक........२ जना<br>जम्मा............९ जना | यस कम्पनीमा ७ जनाको संचालक समिति हुनेछ ।<br>संचालकहरुको नियुक्ति देहाय बमोजिम हुनेछ ।<br>१.समुह“क” बाट...........४ जना<br>२.समुह“ख”सर्वसाधारण शेयरधनिबाट निर्वाचित हुने.............२ जना<br>३. स्वतन्त्र संचालक........१ जना<br>जम्मा............७ जना<br>उपरोक्त बमोजिमको संचालक समितिमा कम्तिमा १ (एक) जना महिला संचालक रहनेछ । | बिद्यमान ऐन तथा निर्देशिका बमोजिम गर्न |

हकप्रद शेयर जारी गर्नुपर्ने कारण सहित पूंजी बृद्धिको उद्येश्य :

- कम्पनीको सोल्भेन्सी अनुपातलाई थप सुदृढ गरी कम्पनीको व्यवसाय वृद्धिमा टेवा पुऱ्याउने
- कम्पनीको व्यवसायमा भइरहेको वृद्धि अनुसार कम्पनीले ठुला जोखिमहरु तथा ठुला सम्पत्तिहरुको बीमा गर्दा आफ्नो धारण क्षमताको विकास गर्न कम्पनीको नेटवर्थलाई थप वृद्धि गर्ने

सिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको प्रवन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
- कम्पनीको पूँजीकोषलाई मजबुत तुल्याइ राख्न

हकप्रद शेयरको जारी पश्चात प्राप्त हुने पुँजी परिचालन तथा उपयोग गर्ने क्षेत्रहरु :

| सि.न. | लगानी शिर्षक |
|---|---|
| १ | वैंक तथा वित्तिय संस्थाको मुद्दती निक्षेप |
| २ | पब्लिक कम्पनीको साधारण शेयर |
| ३ | पब्लिक कम्पनीको ऋणपत्र |
| ४ | अन्य पुर्वाधार क्षेत्र |

२.३ नियमनकारी निकाय बीमा समितिबाट जारी भएको बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्वन्धी निर्देशिका , २०७६ बमोजिम यस कम्पनी र अन्य कुनै बीमा कम्पनी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सन्दर्भमा समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पुर्ण चलअचल सम्पत्ति र दायित्व मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने लागायत मर्ज (गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने) हुन आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्बन गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

२.४ कम्पनीले संचालक समितिको निर्णय वमोजिम गरका चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गत खर्चहरुलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

२.५ प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरवदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिद्वारा पारित गरियो ।

२.६ शिखर इन्स्योरेन्स कम्पनी लि.को १४ औं वार्षिक साधारण सभाको लागि निर्धारित कार्यक्रम मध्ये संचालक समितिमा संस्थापक समूह "क" का शेयरधनीहरुबाट निर्वाचित हुने चार संचालकका लागि बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७५ को अधिनमा रही कम्पनीको संचालक निर्वाचनका लागि प्रकाशित कार्यक्रम अनुसार मिति २०७५।०४।२६ गते दिनको ११:३० बजे देखि १२:३० बजे सम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने समयावधि तोकिएकोमा निर्धारित समयभित्र देहायबमोजिमको उम्मेदवारी

दर्ता भएको बारे निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालज्यूले जानकारी गराउनु भयो ।

उम्मेदवारको नाम तथा ठेगाना

१. राजेन्द्र प्रसाद श्रेष्ठ : का.जि.का.म.न.पा. वडा नं.१३
२. रमेश कुमार लुइँटेल (बुद्ध एयर प्रा.लि.) : मोरङ झोराहट वडा नं १
३. सौरभ ज.ब.राणा : काठमाण्डौ
४. श्रुजना श्रेष्ठ : का.जि.का.म.न.पा.वडा नं.२

उपरोक्तानुसार दर्ता हुन आएका उम्मेदवारहरुको नामावली उपर निर्वाचन कार्यक्रम अनुरुप तोकिएको समयमा कुनै दावी विरोध पर्न नआएको र उम्मेदवारहरुले मनोनयन फिर्ता लिन निर्धारित समयावधिभित्र कुनै उम्मेदवारले नाम फिर्ता लिनु नभएको समेत निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालले सभामा जानकारी गराउनु भयो ।

निर्वाचन गराउनु पर्ने संख्या चार रहेको र उम्मेदवारी परेको संख्या निर्धारित संख्या चार भन्दा बढी नरहेको कारण संस्थापक शेयरधनी समुह क का लागि तोकिएको निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारीका लागि मनोनयन पत्र दर्ता गर्नु हुने देहायका उम्मेदवारहरु शिखर इन्स्योरेन्स कम्पन लि.को संचालकमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालले सभामा जानकारी गराउनु भयो ।

निर्वाचित उम्मेदवारको नाम तथा ठेगाना

१. राजेन्द्र प्रसाद श्रेष्ठ : का.जि.का.म.न.पा. वडा नं.१३
२. रमेश कुमार लुइँटेल (बुद्ध एयर प्रा.लि.) : मोरङ झोराहट वडा नं १
३. सौरभ ज.ब.राणा : काठमाण्डौ
४. श्रुजना श्रेष्ठ : का.जि.का.म.न.पा.वडा नं.२

निर्वाचित संचालक महानुभावहरुलाई निर्वाचन अधिर्कत श्री शेखर कुमार अर्यालज्यूले प्रमाणपत्र हस्तान्तरण गर्नु भई कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

## १२. धन्यवाद ज्ञापन

कम्पनीको १४ औं वार्षिक साधारण सभाको सम्पुर्ण विषयहरुमा छलफल भई आवश्यक निर्णय भएको र अन्य छलफलका विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ–आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी चौधौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

राजेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष